हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल सरेको सूचना

स्वस्थ्य र ताजा खाना, नास्ता, एटेच बाथरुमसँगै हल, फ्रि वाइफाईको व्यवस्थासहितको जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल १२ कात्तिक २०७७ देखि पुरानै ठाउँमा सरेको व्यहोरा समस्त ग्राहक महानुभावहरुमा सूचित गरिन्छ ।

प्रोप्राइटर : परशुराम चौधरी
जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल
लहान ७, मुख्य सडक, दुलिचन्द अतिथि सदनको नजिकै पश्चिमपट्टि
फो.नं. ०३३५६१२१२ मो. ९८४२८४०६३२, ९८१४७९०५५४

वर्ष : ०१ अंक : ९९ पृष्ठ : ४ २०७७ कार्तिक १९ गते बुधबार (Wednesday 04 November 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

## नेपालमै उत्पादित कोरोनाविरुद्धको औषधि परीक्षण सुरु

### ४६६ जनामा परीक्षण गरिँदै, अनुसन्धानका लागि ३६ लाख बराबरको औषधि निःशुल्क

**हिमाल पौडेल**

नेपालमै पहिलो पटक कोभिड १९ विरूद्धको फाभिर २०० नामको औषधिको क्लिनिकल परीक्षण सुरू गरिएको छ । यो औषधि देउराली जनता फर्मास्युटिकल्सले उत्पादन गरेर क्लिनिकल परीक्षणका लागि उपलब्ध गराएको छ । नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का सदस्य सचिव डा. प्रदिप ज्ञवालीका अनुसार यो औषधि कोरोना बिरामीमा क्लिनिकल परीक्षण सुरू भएको छ ।

आवश्यक सबै प्रक्रिया पूरा गरेर काठमाडौं उपत्यकामा क्लिनिकल परिक्षण सुरू भइसकेको छ, आवश्यकता अनुसार काठमाडौं बाहिर पनि परिक्षणका लागि पठाउनेछौं उनले भने ।

कोरोना विरूद्ध प्रयोग हुने यो औषधि पहिलो पटक नेपालमै उत्पादन गरेर क्लिनिकल परीक्षणका लागि पठाएको औषधि निर्माता देउराली जनता फर्मास्यूटिकल्सका प्रबन्ध निर्देशक हरिभक्त शर्माले बताए । उद्योगले मुल केमिकल आयात गरेर नेपालमै विकास गरी फाभिर २०० ट्याबलेट उत्पादन गरेको र हाल यो औषधि कोभिड-१९ को अत्यावश्यक उपचार प्रयोगको लागि स्वीकृति दिन कानुनी व्यवस्था नभएको भनि अनुसन्धान गर्नको लागि मात्र स्वीकृति प्राप्त भएको उनले बताए ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का सदस्य सचिव ज्ञवालीका अनुसार यो औषधि कोरोना बिरामीमा पहिलो पटक क्लिनिकल परीक्षण सुरू गरिएको हो । यो एन्टी फाइभर ड्रप हो । कोरोनाविरूद्धको प्रभावकारिता हेर्नको लागि प्रयोग गर्न लागिएको छ । इन्फ्लुएन्जाको लागि स्वीकृती भएको औषधि हो, उनले भने । यो औषधि जापान, रूस, भारत, चीनमा प्रयोग भएको छ । नेपालमा पनि फ्ल्युको लागि प्रयोग गर्न औषधि व्यवस्था विभागले स्वीकृत दिइसकेको छ । नेपालमा कोरोनाविरूद्ध प्रयोग गर्नको लागि परीक्षण गर्न मिल्ने भनेर परीक्षण सुरू गरिएको छ, उनले भने, पहिले ट्रायल गर्ने हो, त्यसपछि तथ्यले जे भन्छ, हामीले त्यही भन्छौं । नेपालमा पहिलो पटक नेपालमै उत्पादित कम्पनीको क्लिनिकल ट्रायल परिषद्को नेतृत्वमा अगाडि बढेको उनले बताए । "यो औषधि कोरोना विरामीमा परीक्षण गर्न औषधि व्यवस्था विभागले अनुमती दिइसकेको छ," उनले भने । यदि क्लिनिकल परीक्षण गर्दा सफलता हात लागेमा कोरोना बिरामीलाई खान सस्तो, सजिलो पर्ने डा. ज्ञवालीले बताए । अरूको भर गरेर हुँदैन नेपालमै क्लिनिकल परीक्षण गर्नुपर्छ भनेर परीक्षण अगाडि बढाएका छौं उनले भने ।

देउराली जनता फर्मास्यूटिकल्सका प्रबन्ध निर्देशक शर्माका अनुसार कम्पनीले स्वास्थ्य अनुसन्धान परिषद् र औषधि व्यवस्था विभागबाट स्वीकृति प्राप्त भए अनुसार यो औषधिको क्लिनिकल अनुसन्धानका लागि आवश्यक औषधि निःशुल्क उपलब्ध गराएको छ । परिषद्ले तयार गरेको प्रोटोकल अनुसार कम्पनीले ३६ लाख बराबरको औषधि सामग्री अनुसन्धानका लागि निःशुल्क रूपमा प्रदान गरेको छ, उनले भने । यो औषधि जापान, चीन,




रूस, भारत, बंगलादेश, थाइल्याण्ड, इन्डोनेसिया, टर्कीलगायतका मुलुकहरूले कोभिड-१९ का बिरामीहरूमा परीक्षण पश्चात उपचारको लागि प्रयोग गरिरहेको शर्माले बताए ।

बिरामीलाई पूरै निको बनाउन अधिकतम १४ दिनको लागि १२२ ट्याबलेटको डोज आवश्यक पर्ने र संक्रमणको सुरूदेखि पत्ता लागे थोरै दिनमा समेत रोग निको हुने विश्व मान्यताप्राप्त अनुसन्धानहरूको निष्कर्ष रहेको शर्माले बताए । १४ दिनको डोजका लागि १२ हजार रूपैयाँ पर्ने उनले बताए । कोभिडका बिरामी बढिरहेको बेला यो औषधि प्रयोग गरिएमा रोगलाई धेरै हदसम्म नियन्त्रण गर्न सकिने, धेरै बिरामीलाई आईसीयूमा बसाउनै नपर्ने अवस्था आउने र छोटो समयमै अस्पतालबाट निको बनाइ घर पठाउन सकिने देखिएको छ शर्माले भने, तर कानुनमा स्पष्टता नभएको भनि अनुसन्धान गर्नको लागि मात्र स्वीकृति प्राप्त भएको छ । त्यसैले यसको क्लिनिकल परीक्षण हुँदैछ, यसले सकारात्मक नतिजा दिने विश्वास गरेका छौं ।

डा. ज्ञवालीका अनुसार पहिलो दिनमा बिहान ९ र बेलुका ९ गरी पहिलो दिन १८ ट्याबलेट र दोस्रो दिनदेखि ४/४ वटा ट्याबलेट खानुपर्ने हुन्छ । क्लिनिकल परीक्षण सफल भए आवश्यक जति पनि औषधि उत्पादन गर्न सक्ने क्षमतामा कम्पनीको रहेको शर्माले बताए ।

बाँकी २ पेजमा

## गाँजासहित एक पक्राउ

सिरहा । प्रहरीले प्रतिबन्धित लागुऔषध गाँजासहित एक युवकलाई



नियन्त्रणमा लिएको छ । सिरहाको धनगढीमाई नपा १४ भालुटार सखुवाचौरीबाट उत्तरबाट दक्षिणतर्फ आईरहेको को. ९ प २१९५ नम्वरको मोटरसाइकलमा सवार स्थानीय ३७ वर्षिय बुधबाहादुर तामाङ्लाई १० केजी गाँजा सहित नियन्त्रणमा लिएको हो ।

प्रहरीले गाँजा सहित युवकलाइ सोमबार बेलुका पक्राउ गरेपनि आज अपरान्हमात्र सार्वजनिक गरेको हो । ईलाका प्रहरी कार्यालय बिष्णुपुरकट्टीबाट खटिएको प्रहरी टोलिले चेकजाँच गर्ने क्रममा मोटरसाइकलमा राखेको सेतो बोरा भित्र लुकाई

बाँकी २ पेजमा

## सहकारीलाई अनुदान रकमको चेक हस्तान्तरण

**सिरहा** । आयोजित एक कार्यक्रममा सिरहा नगरपालिकाका मेयर अषेश्वर प्रसाद यादवले कृषि सहकारीहरूलाई अनुदान रकमको चेक हस्तान्तरण गरेको छ । सिरहा, कर्जन्हा र कल्याणपुर नगरपालिकाको विभिन्न वडामा क्रियाशिल रहेका कृषि सहकारीहरूलाई उक्त चेक हस्तान्तरण गरेका हुन् ।

अनुदान रकम सानो र ठुलो नभई थोरै भएपनि सुरूवाती अवस्थाका सहकारीहरूको विकासका लागि धेरै हन सक्ने उनले बताउदै भने,'कुनै पनि कुराको सुरूवात थोरैबाट हुने जस्तै प्राप्त रकमलाई राम्रोसँग परिचालन गरियो भने धेरै हुन सक्छ ।'



गाउँ-गाउँमा सहकारीहरूको विकास हुनु भनेको ग्रामिण भेगका जो विकासको मुल प्रवाहबाट पछि परेका छन् उनीहरूको मुहारमा खुशी आउने निश्चय रहेको उनले तर्क गरे । उनका अनुसार सानो गर्जो पर्दा ग्रामिण भेगका बासिन्दालाई समस्या पर्ने गरेका हुन्छन् तर गाउँमा सहकारीको विकास राम्रोसँग भयो भने त्यस्ता व्यक्तिहरूले सहजै रूपमा आ-आफ्नो गर्जो टार्न सक्ने छन् ।

श्री सारश्वरनाथ साना किसान कृषि सहकारी संस्था लि. सिनपा १२ एक लाख २० हजार, श्री

बाँकी २ पेजमा







फ्रेन्डस मोडल हस्पिटल, लहान ४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# महतोको शोकमा साना किसान सहकारी संस्थाको कामकाज बन्द

लहान । साना किसान सहकारी संस्था लिमिटेड धनगढिमाई १ का संचालक समितिका संस्थापक सदस्य गुर्जु महतो शोकमा एक दिन कार्यालयको सम्पूर्ण कामकाज बन्द भएको छ ।

सहकारीका स्थापनाकालदेखि नै संचालक समितिमा रहेका धनगढिमाई नगरपालिका वडा नं. १ निवासी ६५वर्षिय महतोको गएको बुधवार राती १:३० बजे आफ्नै निवासमा निधन भएको हो ।

महतो किडनी सम्बन्धी समस्याबाट केही वर्षदेखि पीडित रहकोमा पछिल्लो समयमा सुधार भई समान्य जीवन भएको अवस्थामा गएको बुधवार राती अचानक निधन भएको परिवारजनले बताए ।

साना किसान सहकारीले एक प्रभावशाली संचालक गुमाएको भन्दै गत शुक्रवार वसेको संचालक समितिको बैठकबाट शोकप्रस्ताव पारित गर्दै आइतवार कार्यालयको सम्पूर्ण कामकाज बन्द गरी शोक मनाईएको छ ।

## नेपालमै ...

४ सय ६६ जना कोरोना संक्रमितमा फामिर २०० नामको औषधि क्लिनिकल परीक्षण गर्न लागिएको हो । क्लिनिकल परीक्षणका लागि टिचिङ अस्पताल, ग्रान्डी, शहिद गंगालाल अस्पतालसहित कोभिडको उपचार गराइरहेका काठमाडौं उपत्यकाका सबैजसो अस्पताललाई औषधि उपलब्ध गराइसकेको शर्माले बताए ।

*साभार १२खरीबाट*

## सहकारीलाई ...

बगहा कृषि सहकारी संस्था लि.कर्जन्हा ११ का १ लाख २० हजार, श्री साना किसान कृषि सहकारी संस्था लि. सिनपा ११ भलुवाहीका ६० हजार, श्री माँ काली महिला साना किसान सहकारी संस्था लि.सिनपा १५ का ६० हजार र श्री अग्रशिल महिला साना किसान संस्था लि. ६० हजारको अनुदान रकमको चेक पाएको आयोजक संस्थाले बताए ।

२ लाख ४० हजार अधिकतम र १ लाख ५० हजार न्यूनत्तम रकम यस अघि पनि उपलब्ध गराएका थिए । चाहिएको समयमा मल, बीउ र किटनासक औषधी किन्न नसक्दा आम्दानीमा गिरावट आएर कृषि पेशाबाट पलायन हुन सक्ने अवस्थालाई न्यून गर्न सहकारीहरुलाई अनुदान रकम प्रदान गरिएको आयोजक संस्थाका कृषि अधिकृत टंक प्रसाद अर्घ्याले बताए । उनका अनुसार पाएको अनुदान रकमबाट आउने न्यूनतम ब्याजको आधा प्रशासनिक खर्च र आधा बीउ पुजी कोषामा राख्नुपर्ने हुन्छ ।

परियोजना संचालनको अवधिमा हुने गतिविधिमा ध्यान पूर्वक लाग्यो भने परियोजना सकेर गइसकेपनि त्यसको प्रभाव रही रहने डब्लुएचएचका संयोजक उत्तम शर्माले बताए । व्यक्तिको सक्रियता राम्रोसँग नदेखिएकै कारण विगतमा कैऔं सहकारी धरासायी हुन पुगेको स्मरण गराउदै आ-आफ्नो सहकारीहरूलाई दुरुस्त राख्न उनले आग्रह गरे ।

समयमा पैसाको बन्दोवस्त नभएकै कारण किसानहरू निरास हुने गरेको अवस्थालाई चिर्नका सहकारी मार्फत प्रदान गरिने ऋणबाट सहज हुने साना किसान कृषि सहकारी कल्याणपुर १ अर्नमाकी प्रवन्धक मनतोरिया देवी मंडलले बताईन् । 'हामी सबै महिलाहरू एकबद्ध भएर दर्ता गराएको सहकारी राम्रोसँग चल्दै छ, 'उनी भन्छिन्,'हाम्रो छोटो प्रयासले गाउँका केही व्यक्तिको अनुहारमा खुसी आएको छ ।' दातृ निकाहरूले सहयोग गरेर संचालित महिला मार्फतको सहकारीहरूलाई बलियो बनाउन उनले आग्रह गरिने ।

बिएमजेड तथा डबुल एचएचको आर्थिक सहयोगमा फोरवोर्ड नेपालरूआसमान नेपालले जिविकोपार्जन परियोजना अन्तर्गत दलित, भुमिहिन तथा एकल महिला किसानहरूको सहयोगका लागि फिल्ड क्षेत्रका कृषि सहकारी संस्थालाई घुम्ती कोष अनुदान रकम प्रदान गरे ।

## गाँजासहित...

छिपाई राखी ल्याउदै गरेको प्रतिवन्धत लागु औषध गाँजा सहित तामाङ्गलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सिरहाका सुचना अधिकारी डिएसपी शालिग्राम शर्माले जानकारी दिए ।

पक्राउ परेका तामाङ्गलाई इलाका प्रहरी कार्यालय लहानमा राखेर थप अनुसन्धान गरिरहेको जनाएको छ । सिरहाको उत्तरी चुरे र उदयपुरमा उत्पादन हुने गाँजा यही बाटो हुँदै तस्करहरूले भारतसम्म पुर्याउने गरेको बताइन्छ ।

# स्थानीय तहको योजना तर्जुमा प्रक्रिया र समावेशीकरणको अभ्यास

**पालिका बहस**



केशव कुमार आचार्य



सिर्जना वैद्य भूमिका

नेपालको संविधान २०७२ ले स्थानीय तहहरूलाई तिनै किसिमको शासकीय अधिकारहरु सहित २२ वटा एकल अधिकार र १५ वटा स ाफा अधिकारहरु प्रदान गरेको छ । यसलाई थप व्यवस्थित गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ लगायत अन्य कतिपय ऐन तथा नियमहरु स्थानीय तहले आफैले तमाम कानुनहरुको तर्जुमा गरी कार्यान्वयनमा ल्याई रहेका छन् । जसको मुख्य उद्देश्य स्थानीय समुदायमा दक्ष, प्रभावकारी र उत्तरदायी तरीकाले सार्वजनिक सेवाहरु पुन्याउनेस सामाजिक र आर्थिक विकास गतिविधिहरु सञ्चालन गर्नेस र स्थानीय तहहरुलाई आवश्यक पर्ने नीति निर्माण र विकास निर्माण कार्यमा स्थानीय जनताहरुलाई सहभागी गराई विकासको प्रतिफल तिनै जनताहरुले सजिलै उपभोग गर्न पाउन भन्ने रहेको छ ।

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको योजना प्रक्रिया सन्दर्भमा अगाडि सारेका विषय वस्तुहरुलाई मूर्त रुप दिन तथा एकरुपता कायम गर्न स्थानीय तह वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ जारी गरिएको छ । यसैका आधारमा नागरिकको अपेक्षालाई सम्बोधन गर्न र स्थानीयता अनुरुप विकास गतिविधिहरु सञ्चालन गर्न स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधिहरुको ठुलो भूमिका रहेको छ । यसका लागि हरेक स्थानीय तहहरुले आफ्नो क्षमता अनुरुप वार्षिक योजना तर्जुमा गर्न जरूरी छ । यसका अलावा स्थानीय तहहरुबाट उपलब्ध हुने सेवा तथा सुविधाहरुमा सबै नगरवासीहरुका समान अधिकार रहने कुरा नेपालको संविधानले समेत व्याख्या गरेको छ । तथापि, आदिवासी, जनजाति, र दलित, महिला अपाङ्गता भएका व्यक्तिहरु, वरिष्ठ नागरिकहरु र भौगोलिक रुपमा समेत पछाडि परेको क्षेत्र विविध कारणहरुले अन्य नागरिक सरह पहुँच नरहने हुँदा यो बर्गलाई विशेष सुविधा दिन संविधानले व्यवस्था गरेको छ । उपरोक्त विषयलाई मध्यनजर गरी कानुनले व्यवस्था गरेको र स्थानीय तहहरुले अपनाएको ७ चरणको योजना आर्थिक वर्ष २०७/७८ का लागि तर्जुमा गर्दा सामाजिक समावेशीकरणको नीतिलाई कसरी समाहित गरिएको छ सोको विश्लेषण यस लेखमा तयार गरिएको छ । यो लेख मूलतः '१४ वटा नगरपालिकाका १२६ जना सहभागीहरुसँग गरिएको छलफलका आधारमा तयार पारिएको हो ।

**चरण १: पूर्व योजना र बजेटको तयारी**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ अनुरुप उपमेयररउपाध्यक्ष को संयोजकत्वमा 'स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आउँदो आर्थिक वर्षको लागि स्थानीय सरकारको आय, व्ययको विस्तृत जानकारी तयार गर्दछ । अध्ययनको नतिजा अनुसार सबै स्थानीय सरकारले 'स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति' र विषयगत समितिहरुको गठन गरेका छन् । जहाँ, सबै नगरपालिकाहरुले कार्यकारी बोर्डका सदस्यको ( वडा अध्यक्ष) संयोजकत्वमा वडा स्तरबाट आएका योजनाहरुलाई विषयगत रुपमा छुट्टयाउन ३ जनाको समिति गठन गरेको पाइयो । जसमा, वंचि ती करणमा परेको समूहबाट कार्यकारी बोर्डमा प्रतिनिधित्व गर्ने सदस्यलाई विषयगत समितिको सदस्यका रुपमा मनोनयन गरिएको देखिन्छ। नगरपालिकामा गठित कुनै पनि विषयगत समितिहरुमा दलित, महिला वा विपन्न समूहबाट संयोजक पदमा नराखिनुले यहाँ समावेशी अवधारणा कम प्राथमिकतामा परेको आभास मिल्दछ भने सीमान्तकृत समूहका सदस्यहरुबाट कार्यकारी बोर्डमा प्रतिनिधित्व गर्ने सदस्यहरुलाई कानुनी जनादेश पालनाका लागि मात्र समावेश गरिएको देखिन्छ । अन्तरवार्ताका समयमा सीमान्तकृत समूहका सदस्यहरुले सूचित गरेअनुसार उनीहरुलाई बैठकमा औपचारिकताका लागि मात्र आमन्त्रित गरिएको हुन्छ, जसले गर्दा कानुनी औपचारिकता पुरा हुनसकोस । उनीहरुलाई नगरपालिका कार्यालयले उनीहरुलाई एजेन्डा तथा छलफलको कार्यपालिका बारेमा औपचारिकरुपले पूर्वसूचना दिने गरिएको छैन, जुन ऐनमा ७ दिन अगावै उपलब्ध गराउने भनेको छ ।

यसै गरी सीमान्तकृत लगायतका केही समिति सदस्यहरुको भनाई अनुसार बैठकहरुमा उनीहरुको मुद्दा उठाउन, वैकल्पिक धारणा राख्न, फरक एजेन्डा र फरक निर्णय गर्न उनीहरुलाई अन्य सदस्यहरुको समान भूमिका दिइँदैन, यसको कारण उनीहरुको शैक्षिक योग्यता जस्ता कुराहरुले पनि भूमिका खेलेको हुन्छन् । सामान्यतया, मेयर सीएओले नै स्रोत प्रक्षेपण, र परिचालन प्रक्रियामा निर्णय लिन्छन् । यसका अलावा, केही नगरपालिकाहरुका स्थानीय राजस्व परामर्श समितिमा सीमान्तकृत सदस्यहरुको अर्थपूर्ण सहभागिताका अलावा स्वयं कमिटीको भूमिका समेत प्रभावकारी अवस्थामा नभएको फेला पर्यो । मेयर र उपमेयरबिचको व्यक्तिगत र राजनैतिक द्वन्द्व, उपमेयरको कमजोर क्षमता, अधिकांश उपमेयर छनौट भएका महिला उम्मेद्वारको कार्यक्षेत्रमा मेयरबाट हुने अनावश्यक हस्तक्षेप, मेयर र सीएओले जानाजान उपमेयरहरुको उपस्थितिलाई बेवास्ता गर्ने र एकतर्फी निर्णय लिने पद्धतिले समावेशीकरणको अभ्यास खतरामा पर्दै गएको आभास मिल्दछ । अनुसन्धानले देखाउँदछ कि सबै स्थानीय सरकारहरुले आफ्नो आयब्ययको तथ्यांक सङ्घीय र प्रदेश सरकारलाई स्रोतहरुको प्रक्षेपणको साथ पेस गर्ने गर्दछन् । यस प्रक्रियामा मेयर र सीएओको आपसी छलफलबाट प्रक्षेपणको तथ्यांक तय हुन्छ जुन विषयमा सीमान्तकृत सदस्य सहित उपमेयरहरुलाई समेत जानकारी नभएको पाइयो । यस्तो बैयक्तिगत व्यवहारहरुले लोकतान्त्रिक व्यवस्थाका संस्थागत संरचना र तिनका प्रतिनिधिहरुको भूमिका, शक्ति बाँडफाँडको संयन्त्र, र प्रतिनिधिहरुको क्षेत्राधिकारको सीमाको बारेमा संघीय स्थानीय शासन प्रणालीमा एकातिर असन्तुष्ट भई प्रश्न उठ्ने गर्दछन् भने अर्को तर्फ स्थानीय सरकार प्रतिनिधिहरुले चलाएका संस्थाहरुको समेत प्रभावकारितामा असन्तोष सिर्जना हुन जान्छ । यद्यपि, केही मेयर र सिएओले स्रोत प्रक्षेपण र खर्च योजना सहित तथ्यांकको तयारी अत्यधिक प्राविधिक विषय हो भन्ने बिचार अभिव्यक्त गरे । त्यस्तै, सीमान्तकृत सदस्यहरु लगायत उपमेयर र अन्य प्रतिनिधिहरुमा नगरपालिकाको अपेक्षा अनुरुप आयव्ययको तथ्यांक तयार पार्न र स्रोतहरुको प्रक्षेपण गर्नका साथै सोको आवश्यकता अनुसार व्याख्या गर्न सक्ने क्षमताको अभाव रहेको छ ।

**चरण २: स्थानीय तहको श्रोत अनुमान र कुल बजेट सीमा निर्धारण**

स्थानीय सरकारको योजना तर्जुमा प्रक्रियाको दोस्रो चरण पौष १५ देखि वैशाख १५ गते सम्म समाप्त हुन्छ । यस चरणमा नगरपालिकाहरुले संघीय र प्रदेश सरकारहरु बाट प्राप्त बजेट सिलिङ्को समीक्षा गरी राजस्व बाँडफाँड, आन्तरिक आम्दानी, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, संघ तथा प्रदेश सरकारको वित्तीय स्थानान्तरणबाट हुने आयको समग्र स्रोत, आन्तरिक ऋण र अन्य आयको आधारमा यसको सन्तुलित वितरण रुपरेखा र बजेट सीमा निर्धारण गरेको पाइयो । यसकालागि राष्ट्रिय प्राकृतिक स्रोत वित्तीय आयोगले तयार पारेको मापदण्ड अपनाएको पाइयो । यसका अतिरिक्त, यस चरणमा स्थानीय सरकारहरुले वार्ड स्तर र विषयगत क्षेत्रहरुका लागि बजेटको सिलिङ् तयार गरी उनीहरुलाई वैशाखको अन्त्यमा प्रदान गरेको देखियो ।

अध्ययनका सिलसिलामा सहभागीहरुका अभिव्यक्तिहरुले प्रकट गरे अनुसार नगरपालिकाहरुले कानुनको निर्देशानुसार आफ्ना प्राथमिकताकामा आर्थिक वृद्धि, गरिबी न्यूनीकरण, रोजगार सिर्जना, स्थानीय स्रोत, साधन र सीपको उपयोग, लैङ्गिक समानता र सामाजिक समावेशीकरण, र वातावरण संरक्षणलाई प्रमुख आधारको रुपमा तय गरेको पाइयो । यद्यपि स्थानीय स्तरमा योजना र बजेट बनाउन स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको प्रभावकारिता आंशिक मात्र देखियो । नगरपालिकामा, मेयरको अध्यक्षतामा रहेको यस कमिटीमा मेयर तथा सीएओ को निर्णय मात्र प्रभावशाली भएको देखिन्छ । जहाँ महिला, दलित वा अल्पसंख्यक सदस्यहरुबाट आएका विचारहरु लाई पर्याप्त स्थान दिएको देखिँदैन । साथै,

बाँकी ३ पेजमा

# आजको राशिफल

**मेष** :- आजको दिन हाँसखेल र मनोरञ्जनपूर्ण समय हो । व्यवसायिक क्षेत्रबाट लाभ हुने, परोपकारजन्य कार्यमा लगाव बढ्ने र धनसञ्चयको अवसर प्राप्त हुनेछ ।

**वृष** :- आफन्त तथा मित्रवर्गको सहयोगले महत्त्वपूर्ण कार्य सम्पन्न हुनसक्छ । गोपनीय ढङ्गले गरिएको क्रियाकलापमा सफलता मिल्नेछ । यात्राको सम्भावनापनि छ ।

**मिथुन** :- आज दुरदराजमा रहेका आफन्तजनसँग सम्बन्ध कायम हुनेछ । रोकिएका काम पुनः सुरु हुन सक्छ । धार्मिक, सामाजिक महत्त्वको क्षेत्रमा भ्रमण हुनसक्छ ।

**कर्कट** :- काम बिगार्न चाहनेहरु अगाडि बढ्न सक्छन् । स्वरोजगारीका निम्ति दौडधूप गर्नुपर्ने हुन सक्छ । धार्मिक यात्रा गर्दा ध्यान दिनुहोला बाटोमा दुख हुन सक्छ ।

**सिंह** :- आज परोपकार तथा सहयोग आदिमा पनि भूमिका निर्वाह गर्न पाइनेछ । सजिलै अरुको मन जित्न सकिनेछ । भाग्यले साथ दिनेछ भने काममा सफलता हात पर्नेछ ।

**कन्या** :- आज मन हर्ष र प्रसन्नताका साथ समय व्यतीत हुनेछ । परोपकारका क्षेत्रमा लगानीको समय छ । आफूसँग भएको क्षमता प्रदर्शन गर्ने अवसरपनि जुट्नेछ ।

**तुला** :- परिणाममुखी जिम्मेवारी वहन गर्ने समय आएको छ । मठ-मन्दिरको भ्रमणले काम सम्पन्न गर्न थप ऊर्जा प्रदान गर्नेछ । व्यापरमा विशेष सफलता हात लाग्नेछ ।

**वृश्चिक** :- आज औपचारिकतामा बढी व्यस्त रहन पर्नसक्छ । आफ्नो अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । प्रेमीप्रेमिकाका बिच खिन्नता भने बढ्न सक्छ ।

**धनु** :- आज बोलीवचन एवं प्रवचन-भाषण आदिमा प्रशंसा मिल्नेछ । रचनात्मक कार्यमा जुट्दा फाइदा हुने समय पनि छ । विपरीत वर्गप्रति आकर्षण बढ्न सक्छ ।

**मकर** :- आज नाता-कुटुम्बको आगमन हुने र परिवारमा नयाँ सदस्य थपिन सक्ने सम्भावना छ । कसै सैलाई परदेशी घर फर्कने र रमाइलो वातावरण छाउनेछ ।

**कुम्भ** :- रमाइलो यात्रा गर्ने अवसर जुट्न सक्छ । वाणीमा कुशलता आउने योग परेको दिन छ । करियरको क्षेत्रमा मन मिल्ने साथीको सुझावले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।

**मिन** :- आजबाट लामो समयाबाट रोकिएको काम पुनः प्रारम्भ हुनेछ । वैदेशिक क्षेत्रको कामपनि अघि बढ्नेछ । शुभ कार्य तथा सामाजिक क्षेत्रमा धन खर्च हुनसक्छ ।

## स्थानीय...

कमिटीको बैठकमा उनीहरूको उपस्थिति साक्षी बस्न बोलाइको जस्तो मात्र पाइयो । स्थलगत अध्ययन अनुसार महिला, दलित वा अल्पसङ्ख्यकहरु लगायत सदस्यहरूको आवाजलाई बजेट सिलिङको तयारीका क्रममा सम्बोधन नगरेको र बजेट सिलिङको तयारीका सिलसिलामा के निर्णय लियो र माईन्युटमा के कस्तो निर्णय लेखियो सोको बारेमा जानकारी नभएको बताए । यसको मुख्य कारण माईन्युटमा गरिने दस्ताबेजीकरण मिटिङ भन्दा पछाडि गरिने पद्धति प्रायः नगरपालिकाहरूमा देखिन्छ ।

कानुनी जनादेश बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति स्थानीय सरकारको योजना प्रक्रियालाई सुचारू गर्ने सबैभन्दा अभिन्न संरचना हो । यस समितिको निर्देशनको आधारमा स्थानीय सरकारले सार्वजनिक मागरआवश्यकतालाई प्राथमिकताका साथ परियोजना बनाउन, र राजस्वका स्रोतहरुको आवश्यकताका आधारमा पहिचान गर्न र संकलन गर्ने नीति तर्जुमा गर्न सक्दछ, जसले गर्दा एलजीहरूलाई कर संकलन र स्थानीय विकासको ढाँचामा आत्मनिर्भर हुन सक्षम बनाउँछ ।

यद्यपि, अध्ययनबाट प्रष्ट हुन्छ कि स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिलाई मेयर, लगायत उपमेयर र सीएओले अत्यधिक प्रभावमा पारेका छन् । कतिपय उदाहरणहरूले देखाउँछन कि उनीहरूको चासो सार्वजनिक विषय वा महिला, दलित र अल्पसंख्यक समितिका सदस्यहरूले उठाएका मुद्दाहरु भन्दा आफ्ना कार्यकर्ता, भोटर वा आफ्ना चुनावी प्रतिज्ञा पत्रहरूलाई सम्बोधन गर्ने खालका विषयहरूलाई प्राथमिकता दिइएको पाइयो । यसका अलावा, केही नगरपालिकाहरूमा वडा अध्यक्षहरूको समेत ठूलो प्रभाव पारेका देखियो । यसको कारण वडा अध्यक्षहरु सम्बन्धित राजनीतिक दलको उच्च पद रहेको, उनीहरूको उच्च पदका नेताहरूसँगको सम्बन्ध रहेको, र मेयर, उपमेयर र सीएओसँग चासो समेत मिल्नु हो । सबै भन्दा महत्वपूर्ण त उनीहरूले वार्षिक नीति तथा कार्यक्रममा नै प्रभाव पारेको पाइयो ताकि बजेटको विनियोजन बराबरी भागबन्डाको आधारमा तयार गरी बजेट सिलिङ तलका ईकाईहरूमा पठाउन सकियोस् । यो प्रवृत्तिले प्रमाणित गर्दछ कि स्थानीय सरकारका अधिकार प्राप्त जनप्रतिनिधिहरूमा अधिकार प्रतिको मोह, शक्तीको प्रयोग र नीतिगत व्यवस्थालाई हेरफेर गर्ने संस्कृति मौलाउँदै गईरहेकोछ । जसलेगर्दा, राजनैतिक खिचातानी, नागरिकका अपेक्षाप्रतिको बेवास्ता कारण स्थानीय सरकारका संस्थाहरु नागरिक तथा तिनका नजिकका प्रतिनिधिहरु समेतलाई व्यापक राजनीतिक विश्वास लिनमा पूर्ण रूपमा असफल भएका छन् ।

**चरण ३ः बस्तीरटोल स्तरबाट योजना छनौट**

तेस्रो चरणमा, स्थानीय सरकारहरूले वस्ति स्तरका छलफल र योजना छनौट तथा प्राथमिकीकरण वैशाख १५ देखि शुरु गरी वैशाख अन्त्यसम्ममा समाप्त गर्दछन् । यस चरणमा, सबै स्थानीय सरकारहरूबाट वार्ड कमिटीहरु र विषयगत इकाईहरूमा बजेट सिलिङ पठाएको, र स्थानीय घरपरिवार र व्यक्तिहरूको परामर्शमा वस्ति तथा टोल स्तरका परियोजनाहरूको छनौट गरेको पाइयो । यस चरणको प्रक्रियालाई हेर्दा प्रत्येक वार्डका सबै टोल तथा बस्तीहरूमा टोलवासीहरु केही जसो भेला भएको, आफ्ना प्राथमिकता, मुद्दा, कार्यक्रम र क्षेत्रको बारेमा समेत सामूहिक विचार राखेको पाइयो । वास्तवमा, नागरिकहरूबाट हुने यस्ता भेलाहरूले एकातर्फ स्थानीय सरकारको रणनीतिक दृष्टिकोण तयार गर्न सजिलो बनाएको छ भने अर्को तर्फ नागरिकहरूलाई आफ्ना आवाज र मागहरु स्थानीय सरकारसम्म पुऱ्याउने वातावरणको निर्माण पनि भएको देखियो ।

अध्ययनको नतिजा अनुसार प्रायः नगरपालिकाहरूले आफ्ना नागरिकको आवश्यकतामा ध्यान केन्द्रित गरेका छन् । वस्ति स्तरका छलफल र परामर्शको बेला सबै घरधुरीका नागरिकहरुलाई समस्याको पहिचान, परियोजनाको छनौट, प्राथमिकता र निर्णय लिने कार्यमा संलग्न गराउन उत्प्रेरित गरेको पाइयो । वस्ति स्तरका सबै नागरिकहरु जस्तै बालबालिका, महिला, आदिवासीरजनजाति, मधेसी, दलित, अशक्त, सीमान्तकृत र पिछडिएका वर्ग लगायतका समुदायहरूको सार्थक उपस्थिति रहेको पाइयो । यसका अतिरिक्त टोलस्तरीय सङ्गठन, महिला विकास समूह, आमा समूह, सामुदायिक वन समूह, नागरिक समाजका सञ्जालहरु, बाल क्लब, गैर सरकारी संस्था, सहकारी तथा निजी क्षेत्रका प्रतिनिधिहरूको सार्थक उपस्थिति रहेको पाइयो । यस प्रक्रियाले तल्लो तहमा लोकतन्त्रको अभ्यास कालागि नागरिकहरु आँफै सचेत भएको र आफ्ना समस्याहरूको पहिचान तथा समाधानमा समेत जागरुक देखिन्छन् । यसले स्थानीय स्तरको सुशासनको प्रक्रियालाई मात्र बलियो नबनाई सरकारलाई नागरिकप्रति उत्तरदायित्व बनाउने र सार्वजनिक सेवा प्रवाहको विकासलाई संस्थागत गर्न पनि सुनिश्चित आधार तय गरेको छ । त्यस्तै, बस्ती तहको परामर्श प्रक्रियाले स्थानीय स्वायत्तता र नागरिक केन्द्रित शासनलाई समेत थप प्रोत्साहित गरेको छ। तथापि, जब यो प्रक्रिया बस्ती तहबाट माथि जान्छ तब जनप्रतिनिधिहरूले बस्ती स्तरको यो परामर्श प्रक्रियालाई कमजोर साबित गरेको पाइयो । फलस्वरूप, जनताका वास्तविक आवश्यकताहरूलाई छेउ लगाई आफ्ना कार्यकर्ता, भोटर वा आफ्ना चुनावी प्रतिज्ञा पत्रहरूलाई सम्बोधन गर्ने खालका योजनाहरूलाई प्राथमिकता दिइएको पाइयो । निर्णय तहको यति ठुलो फेरबदलले समग्रमा योजना तर्जुमा प्रक्रियाकै प्रभावकारिता, जनप्रतिनिधि, र शक्तिशाली राजनीतिज्ञहरूको क्रियाकलाप माथिनै प्रश्न चिन्ह खडा गरेको छ ।

**चरण ४ः वडा तहमा योजनाको छनौट तथा प्राथमिकीकरण**

योजनाको प्रक्रियाको चौथो चरणमा वार्ड स्तरीय योजना छनौट तथा प्राथमिकीकरण रहेको छ, जुन वैशाखको अन्त्यदेखि शुरु हुन्छ र ज्येष्ठ १५ गतेसम्म पूर्ण हुन्छ । अध्ययनका सिलसिलामा सबै नगरपालिकाका धेरै वडाहरूमा टोल तथा बस्ती स्तरबाट आएका आवश्यकता र मागहरूलाई संकलन गर्ने, पाँच वटा विषयगत क्षेत्रहरूमा योजनाहरु छुट्याउने र तिनको प्राथमिकीकरण गर्ने प्रक्रिया अवलम्बन गरेको पाइयो । वडा स्तरको योजना तर्जुमा प्रक्रियामा विभिन्न सरोकारवालाहरु जस्तै टोल विकास सङ्गठनहरु, आमा समूह, सामुदायिक वन युवा क्लबहरु, गैर(सरकारी सङ्गठनहरु, र सरकारी कार्यालयहरुद्धारा गठन गरिएका विभिन्न समूहका प्रतिनिधिहरु सहभागी भएको देखियो । तत्पश्चात्, योजनाहरूको वर्गीकरण र प्राथमिकीकरण पछि वडा समितिले वडा समितिको योजना र बजेट उपमेयरको अध्यक्षतामा हुने बजेट र कार्यक्रम निर्माण समितिमा पेश गरेको पाइयो । छलफलको आधारमा प्रायः जसो जनप्रतिनिधिहरूले वडा समितिहरु समुदाय स्तरको योजना तर्जुमा,, विकास सम्बन्धी कार्यहरूको कार्यान्वयन लगायत समुदायका दैनिक कार्यहरूसँग आबद्ध रहेको पाइयो । यसमा तमाम कारणहरूले स्थानीय नागरिकहरुको सकारात्मक धारणा देखिन्छ । प्रथम, वडा तहका प्रतिनिधिहरूले बस्ती तथा वार्ड तहको विकास तथा सेवा सम्बन्धी आवश्यकताहरूलाई पहिचान गर्न र प्राथमिकता छुट्याउन विशेष गरी गरिब, महिला, विपन्न र उनीहरूका संस्थाहरूको सक्रिय सहभागिता सुनिश्चित गरेको पाइयो । दोस्रो, उनीहरूले वडाका प्रत्येक बस्ती र समुदायका तल्लो तहमा रहने गरिब, दलित तथा सीमान्तकृत वर्गलाई सार्वजनिक प्रशासन र सेवा प्रवाहमा पहुँच पुऱ्याउन स्थानीय शासनको मुख्य साधनको रूपमा काम गरेको पाइयो । तेस्रो, उनीहरूले सामाजिक विकृति, सबै प्रकारका विभेदहरूको निर्मूल गर्न सामाजिक विकृति विरुद्धका नीतिहरु लागु गर्न नेतृत्वदायी भूमिका निर्वाह गरेको पाइयो । अन्तमा, वडा समितिहरूलाई संघ, प्रदेश र स्थानीय सरकारको विकास लक्ष्य र दृष्टिकोण प्राप्त गर्न सो अनुरूपका कार्यक्रमहरु बनाउन र कार्यान्वयन गर्न समेत अग्रसर रहेको देखियो । वार्ड स्तरको योजना बनाउने प्रक्रियामा सबै नगरपालिकाहरूले विशेष गरी पिछडिएका, महिला, आदिवासी र जनजाति, मधेसी, दलित, अपाङ्ग, र सीमान्तकृत समूहहरूलाई प्राथमिकताका साथ राखेको समेत पाइयो । यस प्रक्रियाले समानता र सामाजिक न्यायमा आधारित सन्तुलित र दिगो विकास सुनिश्चिता गर्नुका साथै शासनमा नागरिकको सहभागितालाई प्रोत्साहित गर्छ, र स्थानीय लोकतन्त्रको विकासका साथै नागरिकहरूलाई निर्णय लिन, कार्यान्वयनमा स्थानीय सरकारलाई सहयोग गरी स्थानीय स्वामित्वको विकास गर्दछ । सहभागीहरूसँग गरिएको सर्वेक्षण अनुसार वार्ड स्तरको योजना तर्जुमा प्रक्रिया वार्ड समितिका तमाम मुख्य कामहरु मध्ये एक हो, जुन वडा समितिले महत्वपूर्णताका साथ प्राथमिकतामा राखेको हुँदैन । प्रायः वार्ड समितिहरूलाई बजेट गतिविधि, योजना कार्यान्वयन र अन्य नियमन सम्बन्धी कार्यहरूमा बढी चासो हुन्छ । त्यस्तै, समितिका सदस्य लगायत केही वडा अध्यक्षहरूले स्थानीय निर्वाचनको क्रममा गरेका राजनीतिक प्रतिबद्धताहरूलाई कार्यान्वयन समेत गर्नुपर्ने, वडा तहमा विभिन्न राजनीतिक दलबाट निर्वाचित प्रतिनिधिहरु बिचमा हुने अस्वाभाविक प्रतिस्पर्धाको कारण वार्ड अध्यक्ष र सदस्यहरूका बिचमा संवादको अभाव, वार्ड अध्यक्षबाट सदस्यलाई कुनै पनि अधिकार अरु हस्तान्तरण नगर्ने प्रवृत्तिका कारण वडा तहको योजना प्रक्रिया समावेशी हुन नसकेका पर्याप्त उदाहरणहरु पाईन्छन । यसका अतिरिक्त उत्तरदाताहरूले वार्ड स्तरमा प्रत्येक वर्ष स्थानीय तहहरूले माग तथा योजनाहरु संकलन गर्ने तर नगरपालिकाको योजना पुस्तकमा बस्तिस्तरबाट माग गरिएका योजनाहरु समावेश नहुने हुँदा यस्तो सहभागितामुलक योजना तर्जुमा पद्धतिको प्रभावकारितामा शंका उत्पन्न भएको आशय व्यक्त गरे । यसले, स्थानीय स्तरको योजना बनाउने प्रक्रियामा स्थानीय जनताको निराशा, अनिच्छा र अनिच्छुकता पैदा भएको पाईयो ।

**चरण ५ः विषयगत समितिमा छलफल र एकीकृत योजना तर्जुमा**

नगरपालिकामा ५ औं चरणको योजना तर्जुमाको सुरुवात जेष्ठ १५ देखि शुरु भई आषाढ ५ गते सम्म पूर्ण हुन्छ । छलफलका आधारमा अधिकांश नगरपालिकाहरूका 'बजेट तथा कार्यक्रम तर्जुमा समिति' ले सबै वार्डबाट आएका परियोजनाहरूको प्रस्ताव संकलन गरेको र विषयगत क्षेत्र अनुसार योजना वर्गीकृत र योजनाको प्राथमिकता गरेको पाइयो । यसका लागि, राष्ट्रिय प्राकृतिक स्रोत वित्तीय आयोगले तयार पारेको सूचक र अंकभारः जनसत्या (७०५), भूगोल (१५५), मानव विकास सूचकाङ्क (५५), र विकास सूचकाङ्क (१०५) को आधारमा बजेट र कार्यक्रमको अन्तिम प्रस्ताव तयार गरी एकीकृत योजना तर्जुमा समितिमा पठाएको पाइयो । जहाँ, संघ, प्रदेश र स्थानीय तहका आवधिक र क्षेत्रगत योजना र कार्यक्रमहरु बीचको तालमेल मिलाइयो र स्थानीय तहको प्राथमिकता तय गरियो । साथै, वार्षिक नीति र राजस्वको स्रोत, करको दर र दायरा, गत आर्थिक वर्षको वास्तविक आय र खर्चको हिसाब, चालू आर्थिक वर्षको संशोधित आय र खर्च, आगामी आर्थिक वर्षको लागि बजेटको प्रक्षेपण, विनियोजन विधेयक र आर्थिक विधेयकको समेत तयार गरेको पाइयो । अध्ययनमा संलग्न सबै नगरपालिकाहरूले आगामी आर्थिक वर्षको लागि बजेट र कार्यक्रम निर्माण प्रक्रिया पूरा गरेको देखियो । केही नगरपालिकाहरु जहाँ उपमेयरहरु क्षमतावान छन्, त्यहाँको 'बजेट तथा कार्यक्रम तर्जुमा समिति' एकदमै सक्रिय रहेको तथा कार्य नतिजा बढी प्रभावकारी देखियो । यस समितिमा अधिकांश नगरपालिकाका दलित, महिला, जनजाति र सीमान्तकृत समूह लगायतका सबै सदस्यहरूले समान भूमिका निर्वाह गरेको स्वीकार गरे । जसलेगर्दा, नगरपालिकालाई समुदाय र नागरिकहरूसँग जोड्नका लागि अवसर प्रदान भयो । यस्तो क्रियाकलापले नगरपालिका र नागरिकलाई संयुक्त योजना बनाउन र विपन्न वर्गमा स्रोत पुऱ्याउनका लागि सहयोग भएको पाइयो ।

तथापि, केही नगरपालिकाहरूमा भने यसको विपरीत नतिजा पनि देखियो । यी नगरपालिकाहरूमा दुवै कमिटीका लागि मेयरको उदासीन भूमिका, प्रमुख प्रशासकीय अधिकृत र मेयरको बिचको अनपेक्षित सम्बन्धले कमिटीका निर्णयहरु कार्यान्वयनमा ल्याउन नमान्नु, विषयगत इकाईहरुले तय गरेका कार्यक्रमहरूमा मेयर, उपमेयर, कार्यकारी सदस्यहरु लगायत प्रमुख प्रशासकीय अधिकृतले समेत या त बेवास्ता गर्ने गरेको या योजनाहरु प्रतिस्थापन गर्न खोज्ने अथवा निर्णय प्रक्रियामा नलग्ने प्रवृत्तिले समस्याको सामना गरिरहेका पाइयो । यसका अलावा, कर्मचारी समायोजनको असरले योजना पहिचान, तर्जुमा र कार्यान्वयनमा क्षमता वान कर्मचारीहरूको अभावका साथै व्यवहारमा स्वायत्त निकायको सट्टा सबैजसो नगरपालिकाको प्राथमिकतामा संघीय मामिला र सामान्य प्रशासन मन्त्रालयको विषयगत निकायको रूपमा काम गर्न अभिरूचि भएको देखियो । जस्तो कि नगरपालिकाहरूले आफ्नै स्रोत र दिगो आय उत्पादन गर्ने स्रोतहरूको खोजी र व्यवस्थापनमा उचित योजनाहरूलाई कम प्राथमिकतामा राखी, संघीय र प्रदेश सरकारको अनुदान प्राप्त गर्न बढी उत्साहित भएको देखियो ।

बाँकी ४ पेजमा


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

१. नगरपालिकालाई बुझाउनु पर्ने सम्पत्ति कर, भूमि कर व्यवसाय कर समयमै बुझाऔं, २. जन्म, मृत्यु, विवाह, बसाइसराइ लगायतका व्यक्तिगत घटना सम्बन्धित घटना भएको मितिले ३५ दिनभित्रै आफ्नो वडा कार्यालयमा दर्ता गरौं, ३. नगरपालिकाभित्र व्यक्तिगत घर तथा उद्योगका भवन लगायतका संरचना निर्माण कार्य शुरु गर्नुअघि अनिवार्य रुपमा निर्माण इजाजत लिऔं, ४. भूकम्प प्रतिरोधात्मक घर निर्माण गरौं, ५. सडक अधिकार क्षेत्र, खोला, नाला, पैनीको साथै पाटी पौवा जस्ता सार्वजनिक स्थान मिचेर कुनै पनि संरचना निर्माण नगरौं । साथै सडक किनारामा व्यापार, व्यवसाय नगरौं, ६. अनुमति विना सडकमा निर्माण सामग्री लगायतका कुनै पनि व्यक्तिगत प्रयोजनका सामान नराखौं, ७. नगर क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय गर्दा नगरपालिकामा दर्ता गरेर मात्र गरौं, ८. बालबालिकाहरुलाई नजिकैको स्वास्थ्य संस्थामा लगि लगाउनु पर्ने सबै खोप तोकिएअनुसार नियमित लगाऔं र बालबालिकाहरुमा रोग प्रतिरोधात्मक क्षमता विकासमा सहयोग गरौं, ९. उमेर नपुगेका बालबालिकाहरुलाई श्रममा नलगाऔं, १०. विद्यालय जाने उमेर भएका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय पठाऔं, ११. छोरा र छोरीमा भेदभाव नगरौं, १२. महिला हिंसा न्यूनीकरणका लागि आ-आफ्नो ठाउँमा पहल गरौं, १३. जेष्ठ नागरिकको सम्मान गरौं, १४. आफ्नो घरबाट निस्किएको फोहरलाई जथाभावी नफालौं, १५. चौपायाहरुलाई छाडा नछोडौं, १६. होटल व्यवसायीहरुले बासी तथा सडेगलेका खानेकुरा नबेचौं । उभोक्ताको स्वास्थ्यमा ख्याल गरौं, १७. नगरपालिका भित्रका सिमसारहरुको संरक्षण र विकासमा सहयोग गरौं ।

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

गोलबजार नगरपालिका कार्यालय, सिरहा

सिरहा नगरपालिका कार्यालय, सिरहा

# फूलबरियामा आयोजित फूटबल प्रतियोगिता सम्पन्न, धरमपुर बने विजेता



**सिरहा ।** सिरहाको मिर्चैया नगरपालिका-७ स्थित फूलबरियामा आयोजित फूटबल प्रतियोगिता सम्पन्न भएको छ । स्थानीय फूलबरिया युवा क्लबले बाजुमाविको प्रांगणमा आयोजना गरेको फूटबल प्रतियोगिता सोमबार सम्पन्न भएको हो । प्रतियोगिताको फाइनल खेलमा धरमपुर टिम विजेता बनेको छ । फाइनलमा पुगेका धरमपुर र मझौवाबीच सोमबार भएको खेलमा धरमपुर टिम जित हात पारेको हो । धरमपुरले मझौवालाई १ गोल अन्तरले हराउँदै विजेता बनेको आयोजकले जनाएको छ ।

दुबै टिमसँग तीनतीन गोल अंक हुँदा पेनाल्टी मार्फत् धरमपुर ले एक गोल गर्दै जित आ ्नो पोल्टामा पारेको हो । यससँगै उक्त प्रतियोगितामा धरमपुर पहिलो बनेको छ भने मझौवा द्वितीय बनेको छ ।

प्रतियोगितामा प्रथम बनेको धरमपुरले २१ हजार १ सय ५१ रूपैयाँ पुरस्कार राशी पाएका छन् । धरमपुर टिमलाई कार्यक्रमका प्रमुख अतिथिसमेत रहेका जसपाका रामेश्वर यादवले नगद पुरस्कार, कप, मेडल तथा प्रमाणपत्रसहित पुरस्कृत गरे ।

यस्तै, द्वितीय बनेको मझौवालाई पनि १५ हजार १ सय ५१ रूपैयाँ नगद, कप, मेडल तथा प्रमाणपत्रसहित पुरस्कृत गरिएको छ ।

यता, प्रतियोगिताका आयोजक फूलबरिया युवा क्लबलाई पनि वडा कार्यालयले फूटबल, नेट र ड्रेस सहयोग गरेको छ । गत असोज २५ गतेबाट सुरू भएको उक्त प्रतियोगितामा जिल्लाका विभिन्न स्थानबाट गरी जम्मा १४ टिम सहभागी भएका थिए ।

# स्थानीय...

**चरण ६: कार्यपालिकाको बैठकबाट बजेट तथा कार्यक्रम स्वीकृति गरी सभामा पेश गर्ने**

योजनाको प्रक्रियाको छैटौं चरण आषाढ ५ गतेदेखि सुरू भई आषाढ १० गते अगावै सम्पन्न हुन्छ । यस चरणमा, सबै स्थानीय सरकारले स्थानीय सरकारको वार्षिक नीति र कार्यक्रमहरु, आर्थिक विधेयकसँगै 'बजेट र कार्यक्रम तर्जुमा समितिले' पेस गरेको कार्यक्रम तथा बजेटको मस्यौदा प्रस्तावको छलफल, अपडेट र तयारीका लागि कार्यपालिका बोर्ड बैठकमा पेस गरेको पाइयो । कार्यपालिका बोर्ड बैठकमा सदस्यहरूले विनियोजन विधेयक, बजेट विवरण र वार्षिक कार्यक्रमका बारेमा विस्तृत छलफल गरी अर्को वर्षको वार्षिक योजना, आवधिक योजना, रणनीतिक दृष्टिकोण र मध्यकालीन खर्च संरचनाको खाका, संघीय र प्रदेश करको नीति, लागत लाभ विश्लेषण, र अपेक्षित जनताको सहभागिताको समेत आंकलन गरी बजेट तथा कार्यक्रमको मस्यौदा तयार गरेको र अन्तिम स्वीकृतिका लागि सभामा पेश गरेको पाइयो ।

परियोजना छनोट र बजेट विनियोजन विश्लेषणले देखाउँदछ कि प्रायः कार्यकारी बोर्डको मुख्य प्राथमिकता पूर्वाधार विकास, आर्थिक विकास र सामाजिक विकास रहेको देखिन्छ । अध्ययन गरिएका नगरपालिकाहरूको अवस्थालाई हेर्दा पूर्वाधार विकासमा मात्र पुँजीगत खर्चको ७०५ भन्दा कम कुनै पनि नगरपालिकामा देखिएन । यी, नगरपालिका बोर्डले तय गरेको वार्षिक कार्यक्रम र बजेट उपर विषयगत मन्त्रालयहरूले खासै चासो राखेको देखिएन । यसका अलावा, धेरै जसो स्थानीय सरकारले दीर्घकालीन लक्ष तयार पारेको देखिँदैन । उनीहरु मेयरको दृष्टिकोणबाट मात्र निर्देशित भएको पाइयो जसले गर्दा संघ र प्रदेशको लक्ष्य, दृष्टि, र नीतिहरूलाई स्थानीय करण गर्न निश्चित दिशा प्राप्त हुन सकेन ।

यद्यपि केहीले सहरी विकास तथा भवन निर्माण विभागको सहयोगमा एकीकृत सहरी विकास योजना तयार गरेका छन्, र अन्यले आफ्नै पहल वा विकास साझेदारहरूको सहयोगमा आवधिक योजनाहरु बनाएका छन् । तर, ती योजनाहरूको पूर्ण रूपमा वार्षिक योजनासँग तालमेल नभएको पाइयो । यसको मुख्य कारण समन्वयको अभाव, कमजोर योजना तथा बजेट विश्लेषण, योजना तर्जुमा प्रक्रियामा बृहत् जनसहभागिता तथा समावेशीकरणको अभाव, तल्लो तहका मागहरूको उपयुक्त सम्बोधनमा कमी, र कमजोर विज्ञताका कारण ले आवधिक योजनाहरूले अपेक्षित योगदान नगरेको देखियो । त्यस्तै, संघ, प्रदेश र स्थानीय सरकारहरूबीच कमजोर अन्तरसरकारी सम्बन्धले यस्ता निकायहरूबाट स-साना योजनाहरूको छनोट गर्ने र कार्यान्वयनकालागि नगरपालिकाहरूमा दायित्व सार्ने प्रवृत्तिले केही हजार लागतका योजनाहरूको कार्यान्वयनमा स्थानीय सरकारहरु अलमलमा परेको देखियो । यसका अलावा, स्थानीय सरकारहरूले क्षमता, स्रोत र लागत मुनाफाको समेत विश्लेषण नगरी स्थानीय गौरवका महत्वकांक्षी योजनाहरूलाई पनि अगाडि बढाएको पाइयो ।

केही, नगरपालिकाहरूको आन्तरिक राजस्वको मात्रा, दायरा र दर बढाउन र दलित, महिला र जातीय अल्पसंख्यक केन्द्रित परियोजनाहरूमा लगानी गर्न कुनै विशिष्ट योजना र कार्य योजना समेत देखिएन । अन्त्यमा, केही नगरपालिकाहरूसँग खर्च गर्ने क्षमताको अभाव, योजना र प्रोजेक्टहरूको गुणस्तर कायम गर्ने संयन्त्रको अभाव, र स्थानीय तहमा विभिन्न कारण देखाई बजेटको ठुलो मात्रा अबण्डा कोषमा राख्ने प्रवृत्ति मौलाएको देखियो जसले स्थानीय तहमा वित्तीय जोखिमको सिर्जना गरेको देखिन्छ ।

चरण ७: सभाको बैठकमा बजेट तथा कार्यक्रम स्वीकृति

सातौं चरणको योजना बनाउने प्रक्रियाको अन्तिम चरणमा योजना तथा बजेट कार्यक्रम नगर सभाबाट स्वीकृति गर्नुपर्ने हुन्छ जुन आषाढ १० मा सबै नगरपालिकाहरूले सम्पन्न गरेको पाइयो । नगरपालिकाको वार्षिक बजेट र कार्यक्रमहरूलाई सभाबाट अनुमोदन समेत गरेको देखियो । यसका अतिरिक्त गत आर्थिक वर्षको राजस्व र खर्चको वास्तविक प्रगति विवरण, चालू आर्थिक वर्षको अन्त्य सम्मको आय र खर्चको संशोधित अनुमान, र आगामी आर्थिक वर्षको योजना र कार्यक्रमहरु र आय र खर्चको अनुमानित विवरण समेत अनुमोदन गरेको पाइयो । तथापि केही नगरपालिकाहरूमा सभाले प्राथमिकताका कार्यक्रम र योजना सूची, आर्थिक वृद्धि दरको प्रक्षेपण, गरिबी न्यूनीकरण, रोजगारीका अवसरहरु वृद्धिका उपाय, जनताको जीवनस्तर सुधार गर्ने नीति, स्थानीय स्रोत र सीपको उपयोगको ढाँचा, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका कार्यक्रमहरु समेत, छलफलको सूचिमा समावेश गर्नकालागि निर्देश गरेको र सुझावसहित कार्यपालिकामा फिर्ता पठाएको पाइयो । केही नगरपालिकाहरूमा सभाले स्वीकृत गरेको वार्षिक बजेट तथा कार्यक्रम श्रावण १५ भित्र सर्वसाधारणको जानकारीको लागि प्रकाशित नभएको र वेबसाइटमा समेत प्रकाशन नभएको देखियो ।

सहभागीहरूसँगको छलफलका आधारमा नगरपालिकाहरूले वार्ड स्तरबाट छनौट भइआएका योजना र माग भएको आवश्यक स्रोतलाई प्राथमिकतामा नपारेको, दलित, महिला, आदिवासी जनजातिहरु केन्द्रित योजनालाई नीति, कार्यक्रम र बजेटमा सुनिश्चित नगरेको, र सीमान्तकृत केन्द्रित नीतिलाई आफ्नो वार्षिक योजनाको मुख्य नीतिको रूपमा अङ्गीकार नगरेको पाइयो । यसका साथै, सभाको बैठकमा व्यक्तिगत झगडा, द्वन्द्व, अपवित्र गठबन्धन, र राजनीतिक दलहरु बिचको राजनीतिक समीकरण रहेको पाइयो । उदाहरणकालागि, मेयरको साथ राजनीतिक दलहरूको द्वन्द्व, मेयर र उपमेयरका बीच द्वन्द्व, मेयर र वडाध्यक्षहरूका बीच द्वन्द्व, वार्ड चेयरहरु र डीएजी कार्यकारी बोर्डका सदस्यहरु बीचको द्वन्द्व, कार्यकारी बोर्ड र सभाका बीचको द्वन्द्व प्रमुख हुन् ।

यस्ता द्वन्द्वका कारणहरु हेर्दा, पहिलो, योजनाको प्राथमिकता र बजेटका लागि कार्यकारी बोर्ड र सभाका सदस्यहरु बीचमा फरक सोचाई रहनु हो । यसमा सभाका सदस्यहरु तल्लो तहको चासोसँग बढी सम्बन्ध राख्दछन् भने कार्यकारी बोर्ड लगायत मेयरले ठेकेदार, सुविधा र सभ्रान्त वर्गसँग गठबन्धन गरेको पाइयो । दोस्रो, धेरै जसो स्थानीय सरकारले सहभागितामूलक योजनाको अभ्यासलाई केवल औपचारिकताका लागि मात्र प्रयोगमा ल्याएको देखियो । जस्तो कि आउँदो आर्थिक वर्षको अनुमानित स्रोत र अपेक्षित खर्चको तथ्यांक संघ र प्रदेश सरकारलाई बुझाउने कार्य बाहेकका अन्य सबै गतिविधिहरु धेरै जसो नगरपालिकाहरूले आषाढ १० भन्दा अगाडीको १ महिनामा सम्पन्न गरेको पाइयो । तेस्रो, धेरैजसो कार्यकारी बोर्डले नगरपालिकाको दृष्टिकोण र नीतिहरूका साथ वार्षिक योजना तथा, बजेट तयार पारे । तथापि, कार्यान्वयनमा यी सबै विषयहरु तपसिलमा रहन गए । चौथो, नगरपालिकाहरूको सभा सबैको आषाढ १० मा आयोजना गरेको पाइयो । तर, निर्णयलाई माईन्युट गर्ने समय आगामी आर्थिक वर्षको पहिलो चौमासिकसम्म पनि गरेको पाइयो । यसको प्रमुख कारण मेयर र सभाका सदस्यहरु बीच अपवित्र सम्झौता रहेको देखियो । नगरपालिकाहरूमा जब यस्ता अनैतिक गठबन्धनहरु जनताका प्रतिनिधिहरु बीचमा हुन जान्छन्, तब स्थानीय नागरिकहरूप्रतिको जवाफदेहीता र असल शासनको मर्ममा असर पर्न जान्छ । परिणामस्वरूप महिला, दलित र सीमान्तकृत समुदायका एजेन्डा, तथा योजनाहरु प्राथमिकता भन्दा बाहिर पर्न गए । अन्तमा, विपक्षी राजनीतिक दलहरु र वर्तमान स्थानीय तहका नेतृत्वका बीचमा आवश्यक तालमेल नहुनाले यो वर्गका माग उल्लेखनीय रूपमा नगरपालिकामा नत आउन सके न तिनको सम्बोधन हुन सक्यो ।

**निष्कर्ष तथा सुझावहरु**

नेपालमा योजना तर्जुमा गरी स्थानीय समुदायको विकास गर्ने रणनीति २००७ साल पश्चात् औपचारिक रूपमा सुरु गरिएको हो । २०१७ पश्चात् पञ्चायतू प्रणालीको सुरूवात सँगै पञ्चायतका निकायहरूको जन्म र सेवा प्रवाहको ढाँचा तयार हुन गयो । तथापि, यो प्रयास राजा र राजनैतिक दलहरु बीचको आन्तरिक द्वन्द्वका कारण कमजोर हुन पुग्यो भने विकासको नमुना केन्द्रीकृत प्रणालीमा आधारित भएको हुँदा टाठा बाठा बाहेक सामान्य जनताको पहुँच टाढा रह्यो । २०५५ मा स्थानीय स्वायत्त शासन ऐन र २०५६ मा नियमावलीको कार्यान्वयन पश्चात् सहभागितामूलक योजना र बजेट प्रक्रियालाई नागरिक र सरकार बीचमा जोडने प्रयास भयो । यसले तल्लो तहको आवाज केन्द्र सम्म पुऱ्याउने संयन्त्रको विकास गऱ्यो । यस कालमा सरकारी र गैर सरकारी संस्थाहरूले यसै कानुनी संरचनाका आधारमा नागरिकहरूलाई सहभागितामूलक योजनाको प्रक्रियामा संलग्न हुन प्रोत्साहित गरे । जसले १४ चरणको योजनाका नामले व्यापकता पायो । तथापि, आदिवासी, जनजाति, र दलित, महिला अपाङ्गता भएका व्यक्तिहरु, वरिष्ठ नागरिकहरु र भौगोलिक रूपमा समेत पछाडि परेको क्षेत्र विविध कारणहरूले अन्य नागरिक सरह पहुँच नरहने हुँदा यो बर्गलाई विशेष सुविधा दिन असफल रह्यो । देशमा संघीय लोकतन्त्रको स्थापना भएपश्चात् सामाजिक समावेशीकरणको नीतिलाई आत्मसात् गरी नगरपालिकाहरूले हाल ७ चरणको योजना प्रक्रियालाई प्रयोग गरिरहेकाछन । यसले वस्ति स्तरका छलफल र परामर्शद्वारा सबै नागरिकहरु जस्तै बालबालिका, महिला, आदिवासी र जनजाति, मधेसी, दलित, अशक्त, सीमान्तकृत र पिछडिएका वर्ग लगायतका समुदायलाई समस्याको पहिचान, परियोजनाको छनौट, प्राथमिकता र निर्णय लिने कार्यमा संलग्न गराउन उत्प्रेरित गरेको पाइन्छ ।

तथापि, नगरपालिकाको बजेट तथा कार्यक्रममा महिला तथा सीमान्तकृत समुदायका लागि भनेर बेग्लै व्यवस्था गर्ने कानुनको बाध्यत्मककारी व्यवस्थाका भएतापनि यथार्थमा नीति निर्माणका समयमा उनीहरु माथि या त दबाब सिर्जना गर्ने या निर्णय प्रक्रियालाई लम्ब्याएर निराश बनाउने र अन्तमा आत्मसमर्पणको अवस्था सिर्जना गरेको देखिन्छ । अधिकांश नगरपालिकाहरूमा मेयर र सीएओको निर्णय प्रभावशाली भएको देखियो । यहाँ महिला, दलित वा अल्पसंख्यक सदस्यहरूबाट आएका विचारहरु लाई पर्याप्त स्थान दिएको देखिएन । साथै, कमिटीको बैठकमा उनीहरूको उपस्थिति साक्षी बस्न बोलाइको जस्तो मात्र पाइयो । यसका अलावा, केही नगरपालिकाहरुमा वडा अध्यक्षहरूको समेत ठूलो प्रभाव पारेका देखियो । यसको कारण वडा अध्यक्षहरु सम्बन्धित राजनीतिक दलको उच्च पद रहेको, उनीहरूको उच्च पदस्थ नेतृत्वसँगको सम्बन्ध रहेको, र मेयर, उपमेयर र सीएओसँग चासो समेत मिलेको पाइयो । यस्तो परिस्थितिमा सामाजिक समावेशीकरण नीतिको अवधारणा विकासको पूर्वशर्त हो वा राजनैतिक चालबाजी हो भनी स्पष्ट औँल्याउनु पर्ने आवश्यकता छ ।


## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

१. गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । २. घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । ३. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । ४. आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । ५. इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । ६. बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । ७. विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । ८. कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । ९. किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा


लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)